गौमुल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घट्मुना, बाजुरा

☎ ९८४८४९२७२७

सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. २०८२।०८३

च.नं. ९४२

मितिः २०८२।१२।२०

**विषयः ध्यानाकर्षण पत्रको सम्बन्धमा स्पष्टीकरण ।**

श्री भाइटल मेडि डिष्ट्रिब्युटर्स
धनगढी, कैलाली।

प्रस्तुत विषयमा त्यस फर्मको मिति २०८२/१२/२० को पत्र प्राप्त भई ध्यानाकर्षण भएको छ। यस पालिकाबाट प्रकाशित बोलपत्र सूचना (IFB No.: GRM/Bajura/Goods/NCB/04/082-83) को सम्बन्धमा तपसिल बमोजिमको वस्तुस्थिति स्पष्ट पारिएको छ।

- **संशोधन (Amendment) सम्बन्धमाः** त्यस फर्मबाट प्राप्त सुझाव तथा Amendment सम्बन्धी पत्रलाई प्राविधिक उपसमितिमा छलफलका लागि पेश गरिएको थियो । उक्त उपसमितिले निर्धारण गरेको Specification प्रचलित मापदण्ड र पालिकाको आवश्यकता अनुसार नै उपयुक्त देखिएकाले संशोधन नगरिएको हो ।
- **प्रतिस्पर्धाको सम्बन्धमाः** सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन पर्याप्त समय दिई सूचना प्रकाशित गरिएको थियो। Pre-bid Meeting मा प्राप्त भएका व्यावहारिक सुझावहरूलाई आवश्यकता अनुसार मनन गरिएकै हो ।
- **एकल बोलपत्र (Single Bidder) सम्बन्धमाः** बोलपत्र पेश गर्ने अन्तिम समयसम्म जोसुकै योग्य आपूर्तिकर्ता सहभागी हुन पाउने व्यवस्था खुला नै थियो। सो प्रक्रियामा केवल एउटा मात्र बोलपत्र पर्नुमा Specification को अवरोध नभई बजारको उपलब्धता र आपूर्तिकर्ताहरूको आफ्नै निर्णयमा भर पर्ने विषय हो ।
- **कानुनी आधारः** हालको खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रचलित व्यवस्था बमोजिम नै अगाडि बढाइएको जानकारी गराइन्छ।

अतः प्रक्रियागत पारदर्शिता र निष्पक्षतामा यस पालिका सदैव प्रतिबद्ध रहेको बेहोरा जानकारी गराईन्छ।

हरिश चन्द विक

१२।२०
जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकिय अधिकृत



CamScanner